लुम्बिनी प्रदेश सरकार
# वन तथा वातावरण मन्त्रालय
# वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

☎ : ०७१-५७२९६८
☎ : ९८५७०१७४१०
☎ : ९८५७०११९६८

प.सं.: २०८१/०८२
च.नं.: ६२५

मितिः २०८१।१२।१९

**विषयः पृष्ठपोषण एवम् निर्देशन सम्बन्धमा ।**

**श्री सबै डिभिजन वन कार्यालयहरु,**
**लुम्बिनी प्रदेश ।**

प्रस्तुत विषयमा यस प्रदेश भित्रका विभिन्न डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी गरिएको वन व्यवस्थापन अन्तर्गत भएका केही पुनरुत्पादन कटान प्लटहरु समेतको यस निर्देशनालयबाट विभिन्न मिति र समयमा स्थलगत अनुगमन गर्दा विभिन्न विषयमा सुधार गर्नुपर्ने देखिएकोले तपसिल बमोजिमका विषयमा सुधार गरी कार्यान्वियन गर्नु, गराउनु हुन आवश्यक पृष्ठपोषण एवम् निर्देशन दिइएको व्यहोरा अनुरोध छ ।

<u>तपसिल</u>

१. विगत वर्षहरुमा पुनरोत्पादन कटान गरिएका प्लटहरूको नियमित गोडमेल, सरसफाई तथा फायरलाईन नियमित सरसफाई गर्ने, गराउने र तारबार मर्मत गर्नुपर्ने भए सो समेत गर्ने गराउने ।
२. वन व्यवस्थापन कार्ययोजनामा वन सम्वर्द्धन प्रणाली छनौट वा अन्य कुनै प्राविधिक त्रुटी कमजोरी भए समयमै सच्याउने/ सुधार गर्ने, गराउने ।
३. रुखको लगत लिंदा तथा छपान गर्ने क्रममा खडा रुखको उचाई र गोलाई वा व्यासको नाप लिंदा त्यस्तो कार्यमा फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई उपयुक्त Instruments प्रयोग गर्न लगाउने । छपान कार्यमा कम्तिमा सव डिभिजन वन कार्यालयको प्रमुखको प्रत्यक्ष निगरानीमा स्थलगत रूपमा नाप पैमाइस लिने, लिन लगाउने । साथै, अनिवार्य रूपमा सबै समुह वा वन क्षेत्रका प्लटहरूमा रूखहरू ढालीसकेपछि टुनटुक्रा गर्नुपुर्व केही रूखहरूको (नमुनाको रूपमा) कुल लम्बाई मापन गरी छपान गर्दाको उचाई र ढलिसकेपछिको लम्बाईमा हुनसक्ने फरकपन एकिन गरी सो को सिकाई तथा अनुभवबाट वन कर्मचारी, वन उपभोक्ता समुह वा पदाधिकारीको आगामी दिनमा रुखको उचाई मापनमा सुधार ल्याउने ।
४. रुखको वर्गीकरण गर्दा कानून वा स्वीकृत मापदण्डले तोकेको प्राविधिक विषयहरुलाई गंभीरतापूर्वक अध्ययन र विश्लेषण गरी वर्गीकरण गर्ने । कुनै कैफियत भए छपान तेरिजमा सो समेत उल्लेख गर्ने, गराउने ।
५. माऊरुख छनौट गर्दा त्यस्ता रुखमा हुनुपर्ने विशेषता र गुणस्तरमा ध्यान दिने । मापदण्ड अनुसार माऊ रुखको संख्या र वितरण सुनिश्चित गर्ने ।

यज्ञमूर्ति खनाल
प्र. महानिर्देशक

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

☎ : ०७१-५७२९६८
☎ : ९८५७०१७४१०
☎ : ९८५७०११९६८

प.सं.: २०८१/०८२
च.नं.:

६. वन नियमावली २०७९ को नियम १२७ मा उल्लेखित विषयहरू समावेश गरी रुख कटानपूर्व कटान क्षेत्रमा खटिने कर्मचारी, वन समूहका पदाधिकारी तथा उपभोक्ता र श्रमिकहरुलाई अनिवार्य रुपमा दीगो संकलन अभ्यास, संकलनको क्रममा हुनसक्ने जोखिम र न्यूनीकरणका उपायहरू तथा श्रमिकको आफ्नो सुरक्षा सम्बन्धित विषयमा अभिमुखीकरण/प्रशिक्षण/तालिम दिने र सो को अभिलेख राख्ने, राख्न लगाउने ।

७. वन पैदावर संकलनमा संलग्न हुने प्रत्येक श्रमिकहरूको समुहलाई कम्तिमा एउटा प्राथमिक उपचार सामाग्री (First Aid Box) उपलब्ध गराउने व्यवस्था सम्बन्धित समुह वा निकायले मिलाउने र त्यस्ता श्रमिकहरूको समुहको कम्तीमा २ जनालाई ती प्राथमिक उपचार सामाग्रीको प्रयोग सम्बन्धी अभिमुखीकरण गर्ने, गराउने प्रावधान अनिवार्य रूपमा लागू गर्ने, गराउने ।

८. रुख तथा गोलिया कटान गर्न प्रयोग हुने **चेन सः** अनिवार्य रुपमा डिभिजन वन कार्यालयमा दर्ता हुनुपर्ने कानूनी व्यवस्थाको पालना गर्न लगाउने ।

९. कटान प्लट तथा घाटगद्धीमा काम गर्ने श्रमिक, कर्मचारी तथा वन समूहका पदाधिकारी वा उपभोक्ताहरुको साथमा अनिवार्यरुपमा परिचयपत्र हुनुपर्ने र श्रमिकहरुको विवरण डिभिजन/सब-डिभिजन वन कार्यालयमा समेत राख्ने र सो कार्यको डिभिजन/सब-डिभिजन वन कार्यालयबाट नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने, गराउने।

१०. कटान प्लटदेखि घाटगद्धीसम्म र घाटगद्धीदेखि कटान प्लटसम्म ढुवानीको लागि प्रयोग हुने ट्र्याक्टर, ट्रक जस्ता सवारी साधनको विवरण डि.व.का./सब-डि.व.का. मा समेत राख्ने ।

११. काठ दाउराको घाटगद्दी सम्भव भएसम्म वनक्षेत्रबाहिर राख्ने व्यवस्था मिलाउने। वन समुहहरुको र सरकारद्धारा व्यवस्थित वनको घाटगद्धीको GPS Location सहितको चौहद्दी खुलाई डि.व.का./ सब-डि.व.का. मा समेत विवरण राख्ने।

१२. वन व्यवस्थापन (पुनरुत्पादन कटान/तयारी कटान/थिनिङ्ग आदि) कार्य भएको वा भइरहेको क्षेत्रमा नक्सा सहितको सूचना/जानकारी बोर्ड अनिवार्य रूपमा राख्ने व्यवस्था गर्ने, गराउने ।

१३. वन व्यवस्थापनका विभिन्न क्रियाकलापहरु (जस्तैः रुख कटान, लोड अनलोड आदि) मा संलग्न श्रमिक, वन समुहका पदाधिकारी वा उपभोक्ता एवं वन हेरालु तथा कर्मचारीहरुको लागि दुर्घटना बिमाको व्यवस्था गर्न आवश्यक पहल / सहजीकरण गर्ने । डिभिजन वन कार्यालयबाट ठेक्का प्रकृया मार्फत गरिने यस प्रकारको कार्यमा सुचना प्रकाशनको क्रममा अनिवार्य रूपमा श्रम ऐन २०७४ मा भएको व्यवस्था बमोजिम खटिने श्रमिकहरूको बार्षिक कम्तिमा रू. ७ लाख बराबरको सामुहिक दुर्घटना बीमा सम्बन्धित सेवा प्रदायक संस्थाले गर्नुपर्ने विषय उल्लेख गर्ने र सो को कार्यान्वयन र अनुगमन गर्ने ।

प्रजापति खनाल
निर्देशक

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

☎ : ०७१-५७२९६८
☎ : ९८५७०१७४१०
☎ : ९८५७०११९६८

प.सं.: २०८१/०८२
च.नं.:

१४. वन व्यवस्थापनका विभिन्न क्रियाकलापहरु (जस्तैः रुख कटान, लोड अनलोड आदि) मा संलग्न श्रमिकहरूको लागि व्यक्तिगत सुरक्षा सामाग्री (Personal Protective Equipment) को व्यवस्थाको लागि सम्बन्धित पक्षलाई जिम्मेवार बनाउने र सो प्रयोगमा क्रमशः अनिवार्य गर्ने, गराउने।

१५. छपान नम्बर स्पष्ट देखिने गरी ठूटाको उचाई सकेसम्म न्यूनतम राख्ने । रूखको Tag नम्बर समेत सकभर काटिएको ठूटा (Stump) मा किला ठोकी अड्काउने ।

१६. ज्यादै भिरालो र खोला/खोल्सी/गल्छी छेउ वा किनारको रुखहरु भू–संवेदनशिलताको दृष्टिले छपान तथा कटान नगर्ने । छपान भएका रुखहरु समेत भूक्षयको जोखिम हुनेठाउँमा परेको रहेछ भने कटान गर्ने बेला त्यस्तो रुख समेत नकाटी छोडिदिने र सो को निर्णय तथा अभिलेख दुरूस्त राख्ने ।

१७. छपान भएका रुख कटान गर्दा अन्य रुख विरुवाहरु सकभर क्षति नहुने गरी कटान गर्ने व्यवस्था मिलाउने ।

१८. छपान भएको हरेक रुख काटेर टुनटुक्रा गर्ने बित्तिकै नाप पैमाईस गरिहाल्ने र कटान रजिष्टर वा सफ्टवेयरमा प्रविष्ट गर्ने गराउने व्यवस्था मिलाउने।

१९. कटान पश्चात गोलिया काठको Sectioning र Grading मा विशेष ध्यान दिने। दाउरा हुनेलाई काठ र काठमा प्रयोग गर्न मिल्नेलाई दाउरा नहोस् भन्ने कुरामा कटान क्षेत्रमा खटिएका प्राविधिकले विशेष ध्यान दिने ।

२०. दाउराको साइज कानूनले तोकेको भन्दा फरक हुन नहुने ।

२१. Sectioning गरी गोलिया बनाइसकेपछि गोलियाको बोक्रा (खास गरी साल प्रजातिको) हटाउने ।

२२. कटान प्लटबाट घाटगद्धीसम्म काठ दाउरा ल्याउँदा चलानी पुर्जी काटेर मात्र ल्याउने ।

२३. रुख कटान समाप्त भई काठ दाउरा घाटगद्धीमा ल्याइसकेपछि कटान प्लटको राम्रो र समुचित ढंगले सरसफाई गर्ने र तारबारसहितको संरक्षणको व्यवस्था मिलाउने।

२४. प्लटमा कटान कार्य सम्पन्न भएको १ महिना भित्र डिभिजन वन कार्यालयको जिम्मेवार कर्मचारीबाट कटान प्लटको स्थलगत निरिक्षण तथा अन्तिम चेक जाँच गरी सम्बन्धित निकायमा पेश गर्ने, गराउने ।

२५. कटान प्लट र घाटगद्दीमा आगो/डढेलो, बाढी र चोरी हुनबाट जोगाउन सुरक्षाको आवश्यक व्यवस्था मिलाउने । घाटगद्धीको नियमित निगरानीको लागि चौकिदार र नियमित सरसफाईको प्रबन्ध/व्यवस्था मिलाउनुको साथै आकस्मिक रुपमा आगो नियन्त्रणमा लिन सम्भव भएसम्म पानी उपलब्धताको सुनिश्चितता गर्ने गराउने ।

यज्ञमूर्ति खनाल
नि. महानिर्देशक

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल
☎ : ०७१-५७२९६८
☎ : ९८५७०१७४१०
☎ : ९८५७०११९६८

प.सं.: २०८१/०८२
च.नं.:

२६. डिभिजन वन कार्यालयबाट कटान अवधिभर नियमित फिल्ड अनुगमन निरीक्षणको लागि एउटा अनुगमन टोली बनाई परिचालन गर्ने । कहीं कतै अनियमितता भएको पाइएमा डिभिजनल वन अधिकृतले यथासिघ्र कारवाही प्रक्रिया अघि बढाई निर्देशनालय र मन्त्रालयलाई जानकारी गराउने ।

२७. घाटगद्दीमा काठ दाउराको विवरण खुल्ने गरी सूचना बोर्ड राख्ने र पाईलिङ्ग व्यवस्थित ढंगले गर्ने, गराउने । प्रचलित कानुन बमोजिम तोकिएको समयावधी भित्र कटान, मुछान र घाटगद्दी गर्ने कार्य सम्पन्न गर्ने, गराउने ।

२८. वन व्यवस्थापन सम्बन्धी कृयाकलाप कार्यान्वयन भएका समुहहरूको विवरण, संकलन सहमति दिएका रूखहरूको संख्या र सो बाट उत्पादन हुने अनुमानित काठ दाउराको परिमाण र संकलन पश्चात् उत्पादित काठ दाउराको विवरण नियमित रूपमा वन निर्देशनालयमा पठाउने ।

२९. वन व्यवस्थापनबाट उत्पादित वन पैदावर लिलाम बिक्रि वितरणको सुचना वन नियमावली २०७९ (शंसोधन समेत) नियम २५ (१क) बमोजिमको समयावधिभित्र वेभसाइटमा प्रकाशन प्रयोजनार्थ मन्त्रालय र निर्देशनालयमा पठाउने व्यवस्था गर्ने, गराउने ।

३०. वन सम्बन्धि प्रचलित ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड र वन व्यवस्थापन कार्ययोजनाको पुर्ण रुपमा पालना गर्ने, गराउने ।

२०८१/१२/१९

.....................
यज्ञमूर्ति खनाल
नि. महानिर्देशक

**बोधार्थः**

श्री वन तथा वातावरण मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपालः- जानकारीको लागि अनुरोध छ ।